नेपाल सरकार

**अर्थ मन्त्रालय**

# आन्तरिक राजस्व विभाग

## ढुवानी सेवामा लाग्ने मूल्य अभिवृद्धि कर सम्बन्धमा अत्यन्त जरुरी सूचना

आर्थिक ऐन, २०८० ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ लाई संशोधन गरी ढुवानी साधनको भाडा तथा ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लाग्ने कानूनी व्यवस्था गरेको छ। ढुवानी सेवा प्रदायकले ढुवानी सेवा प्रदान गर्दाको बखत वस्तु तथा सेवाको बीजक अनिवार्य रुपमा साथमा राख्नु पर्दछ। ढुवानी साधनको साथमा वस्तु तथा सेवाको बीजक नरहने गरेको गुनासाहरु आइरहेको सन्दर्भमा विभागको ध्यानाकर्षण भएको छ। आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयहरुबाट खटिई आउने टोलीले कानूनको परिपालना भएको नपाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने हुँदा मूल्य अभिवृद्धि कर लाग्ने कारोबारको सीमा नाघेका व्यक्तिले समयमै मूल्य अभिवृद्धि करमा दर्ता भएर कानून बमोजिम कारोबार सञ्चालन गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।